कृषि तथा वन विज्ञान विश्वविद्यालय

# सेवा आयोगको कार्यालय

चितवन, नेपाल

---

## शैक्षिक तथा प्रशासनिक पदहरूको लागि अनलाइन आवेदन फाराम भर्ने सम्बन्धी सूचना

**प्रकाशन मितिः २०८१/०५/३१**

कृषि तथा वन विज्ञान विश्वविद्यालयमा रिक्त रहेका विभिन्न शैक्षिक तथा प्रशासनिक दरवन्दीहरू बढ्वा, आन्तरिक र खुला प्रतिस्पर्धाको माध्यमबाट पदपूर्ति गर्ने प्रयोजनका लागि सेवा आयोगको कार्यालयद्वारा मिति २०८१/०५/०७ गते प्रकाशित विज्ञापन अन्तर्गत आवदेन फारम सम्बन्धित आवेदकहरूले भौतिक रूपमा सेवा आयोगको कार्यालय, रामपुरमा बुझाउने व्यवस्था गरिएकोमा मिति २०८१/०५/१३ गते विश्वविद्यालयमा उत्पन्न असहज परिस्थितिको कारणले आयोग कार्यालय पनि प्रभावित भएको हुँदा आवेदकहरूलाई आवेदन बुझाउन कठिनाई भएको अवस्था दृष्टिगत गरी दरखास्त फारम अनलाइन मार्फत बुझाउन सकिने प्रवन्ध मिलाइएको व्यहोरा सम्वन्धित सबैलाई जानकारी गराइन्छ ।

अनलाइन आवेदन दिन विश्वविद्यालयको वेभसाइट www.afu.edu.np भित्रको Service Commission Icon क्लिक गरिसकेपछि online portal क्लिक गर्नुपर्ने छ । Online portal मा राखिएका निर्देशनहरूको पालना गरी अनलाइन फारम भरी अन्तमा Conformation page लिनुहुन सबैमा सूचित गरिन्छ । अनलाइन आवेदन मिति २०८१/०६/१० गते राती १२ बजेसम्म (नियमित दस्तुर) र दोब्बर दस्तुर तिरी मिति २०८१/०६/१७ गते राती १२ बजेसम्म भर्न सकिनेछ । अन्य आवश्यक कागजातहरु आयोगले जारी गरेको पूर्व सूचना बमोजिम नै अनलाइनमा पेश गर्नुपर्नेछ । म्याद नाघी प्राप्त हुन आएका र रित नपुगेका दरखास्त उपर कुनै कारवाही हुने छैन । दरखास्त फाराम सेवा आयोगको वेबसाइट www.afu.edu.np बाट प्राप्त गर्न सकिनेछ ।

प्राध्यापक तथा सहप्राध्यापक पदका उम्मेदवारहरूले आवेदनका साथमा कृतिहरुको सक्कल वा नक्कल प्रति पेश गर्नुपर्ने छैन । कृति सम्वन्धी विवरण सेवा आयोगले तोकेको ढाँचामा पेश गर्नुपर्ने छ । यस सम्वन्धी थप जानकारी आवश्यक परेमा ९८४५०४५२१० मा सम्पर्क गर्नुहुन सम्बन्धित सबैलाई सूचित गरिन्छ ।

अध्यक्ष